## नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको परिचय

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन २०३९ अनुसार प्रशिक्षण, अनुसन्धान तथा परामर्श सेवाको माध्यमबाट नेपालको सार्वजनिक प्रशासनको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले यो प्रतिष्ठानको स्थापना भएको हो । प्रतिष्ठानले नेपाल सरकार तथा सार्वजनिक संस्थाहरुको क्षमता विकास र सार्वजनिक प्रशासनको सुधारका लागि कार्य गर्दै आएको छ । नेपालको संविधान जारी भएपछि संविधानको सफल कार्यान्वयनको लागि सार्वजनिक प्रशासनको क्षमता विकास गर्न प्रशिक्षण, अनुसन्धान तथा परामर्श सेवा प्रदान गरिरहेको छ ।

## संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल




सम्पर्क

संघीयता अध्ययन केन्द्र
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
जावलाखेल, ललितपुर
www.nasc.org.np
cfs@nasc.org.np
०१-५५२२००२



# संघीयता अध्ययन केन्द्र

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

## परिचय

संविधान सभाबाट वि. स. २०७२ असोज ३ मा नेपालको संविधान जारी भएपछि देशले विधिवत रुपमा संघीय शासन प्रणालीको अभ्यास गरिरहेको छ। संविधान अनुसार नेपालमा हाल ७६१ संघीय इकाइहरु (एक संघ, ७ प्रदेश र ७५३ स्थानीय तह) छन्। यो ऐतिहासिक परिवर्तनले नेपाललाई एकात्मक राजतन्त्रात्मक शासन प्रणालीबाट संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण गरेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहबीच एकल तथा साझा अधिकार र कार्यजिम्मेवारीको बाँडफाँड गरेको छ। यो वाडँफाँड नै नेपालको संघीय शासन प्रणालीको आधार हो। वि. स. २०७४ मा संघीय नेपालको तीन तहको निर्वाचन भएसंगै संघ, प्रदेश र स्थानीय सरकारहरु संविधानको कार्यान्वयनमार्फत 'दिगो शान्ति, सुशासन, विकास र समृद्धि' का लागि लागि क्रियाशिल छन्। संविधानको सफल कार्यान्वयन गर्दै संघीय शासन प्रणालीलाई संस्थागत गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारलाई सहयोग गर्नु अहिलेको आवश्यकता हो। संविधानको भावना र प्रावधान अनुरुप संघ, प्रदेश तथा स्थानीय सरकारबीचको अन्तरसम्बन्ध बलियो बनाउदै सार्वजनिक प्रशासनको कार्यसम्पादनको स्तर बृद्धि गर्नु वाञ्छनीय छ। यसको लागि संघीयताका विभिन्न पक्षहरुको सघन अध्ययन, क्षमता विकासका आवश्यकता पहिचान र प्रशिक्षणका कार्यत्रमहरु तर्जुमा तथा कार्यन्वयन, संघीयताका क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुबीच संञ्जाल विस्तार जस्ता कार्यहरु गरी संघीयताको सफल कार्यान्वयन गर्नका सहयोग गर्न एक विशिष्ट प्रकृतिको संस्थाको आवश्यकता रहेको छ। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले प्रशिक्षण, अनुसन्धान तथा परामर्श सेवाबाट संघीयता कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले संघीयता अध्ययन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ।

## कार्यक्षेत्र र उद्देश्यहरु

- संघीयता सम्बन्धी विषयहरुमा प्रशिक्षण पाठ्यक्रम तयार गरी संघ, प्रदेश र स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिबृद्धि गर्ने
- संघीयता सम्बन्धी विषयहरुमा अध्ययन तथा अनुसन्धान गरी त्यसको बारेमा संघ, प्रदेश र स्थानीय सरकारलाई सुसूचित गर्ने
- संघ, प्रदेश र स्थानीय सरकारलाई संघीयता सम्बन्धी विषयहरुमा परामर्श सेवा प्रदान गर्ने
- संघीयता संम्बन्धी अनुभव तथा विज्ञता भएका अन्तराष्ट्रिय शैक्षिक संस्था, प्रशिक्षण केन्द्र तथा अनुसन्धान संस्थाहरुसंग साझेदारी तथा सहकार्य गर्ने
- संघीयता सम्बन्धी विषयहरुमा अनुभव तथा असल अभ्यासहरुको जानकारी आदन-प्रादन गर्न गोष्ठि तथा सम्मेलनहरु आयोजना गर्ने
- संघीयताको श्रोत केन्द्रको रुपमा कार्य गर्ने
- संघीयता सम्बन्धमा सार्वजनिक प्रशिक्षण संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने

## मुख्य क्रियाकलापहरु

### प्रशिक्षण

प्रशासनिक संघीयता, सार्वजनिक नीति, वित्तीय संघीयता, अन्तर-सरकार सम्वन्ध जस्ता संघीयता सम्बन्धी विविध विषयहरुमा आवश्यतामा आधारित प्रशिक्षण कार्यक्रमहरु तयार गरी संघ, प्रदेश र स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धि गर्ने। प्रशिक्षणको लागि आवश्यक पाठ्य सामाग्री तयार गर्ने। प्रादेशिक प्रशिक्षण संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने र तिनीहरुको सहकार्यमा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने।

### अनुसन्धान

संघीयताका विभिन्न पक्षहरुमा नियमित रुपमा अध्ययन तथा अनुसन्धान गरी ज्ञानको आधार तयार गर्ने। संघीयता कार्यान्वयनका सन्दर्भमा संघ, प्रदेश तथा स्थानीय तहले गरेका प्रयासहरुको अध्ययन गर्ने। संघीयता सम्बन्धी अन्तराष्ट्रिय अनुभवहरुको संश्लेषण गरी त्यसबाट नेपालले लिन सक्ने लाभका विषयहरुमा सम्बन्धित सरोकारवालाहरुलाई सुसूचित गर्ने।

### परामर्श सेवा

संघ, प्रदेश र स्थानीय सरकारलाई संगठनात्मक संरचना निर्माण, सार्वजनिक नीति व्यवस्थापन, प्रशासनिक तथा वित्तीय पक्षहरुमा परामर्श सेवा प्रदान गर्ने।

### गोष्ठि तथा सम्मेलन

संघीयता कार्यान्वयनका क्रममा संघ, प्रदेश र स्थानीय सरकारहरुले गरेका अनुभव र असल अभ्यासलाई एकआपसमा आदान-प्रदान गर्न गोष्ठि, कार्यशाला तथा सम्मेलन आयोजना गर्ने।

### श्रोत केन्द्र

संघीयता संम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन, अनुसन्धान, प्रतिवेदन तथा प्रकाशनहरु सवैको पहुँचमा हुने गरी व्यवस्थापन गर्ने।